# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपुर

गण्डकी प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७५/०६/२१**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) समेतमा भएको व्यवस्था, प्रारम्भिक वातावरणीय परीक्षण ९क्ष्भ्० प्रतिवेदन, गण्डकी प्रदेश सरकारको ढुंगा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन, क्रसिङ्ग र बिकी वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थापन गर्ने कार्यविधि २०७५ मा भएको व्यवस्था तथा बौदीकाली गाउँकार्यपालिकाको निर्णयानुसार देहायका शिर्षकहरुमा कर तथा शुल्क असूली सम्बन्धी काम आ.व. २०७५/७६ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको योजना शाखा (९८५५०६२९८१रु९८५५०२१२७५) र सूचना शाखा (९८४१७३१८४०) मा सम्पर्क राख्न सकिने छ।

### आन्तरिक आय ठेक्का विवरण

| आय ठेक्का नं. | आयको विवरण | आ.व. २०७५/०७६ का लागि कायम न्यूनतम अङ्क (कर र मू.अ.कर बाहेक) | संकलन/उत्खनन गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | संकलन/उत्खनन दर (वातावरण शुल्क सहित) प्रति क्यू. फिट | वोलपत्र फाराम दस्तुर | धरौटी/ जमानत रकम |
|---|---|---|---|---|---|---|
| BRMNP/ 075-76/01 | बौदीकाली गाउँपालिकाको ३ नं. वडा क्षेत्राधिकार भित्र पर्ने कालीगण्डकी नदी किनार अन्तर्गत खैरेनीघाट, वडवाहन र साँगुरीघाट क्षेत्र। (IEE मा उल्लेखित क्षेत्रहरुबाट संकलन/उत्खनन शुल्क)। | रु. २५,४८,०००।- | १३,७५,९२० क्यू. फुट | रु. २ | रु. ३,०००।- | रु. १,३०,०००।- |
| BRMNP/ 075-76/02 | बौदीकाली गाउँपालिकाको २ नं. वडा क्षेत्राधिकार भित्र पर्ने कालीगण्डकी नदी किनार अन्तर्गत वालीघाट र खर्सानघाट क्षेत्र। (IEE मा उल्लेखित क्षेत्रहरुबाट संकलन/उत्खनन शुल्क)। | रु. ११,३६,८००।- | ६,१३,८७२ क्यू. फुट | रु. २ | रु. १,०००।- | रु. ५७,०००।- |
| BRMNP/ 075-76/03 | बौदीकाली गाउँपालिकाको १ नं. वडा क्षेत्राधिकार भित्र पर्ने कालीगण्डकी नदी किनार अन्तर्गत जरेवर दोभान र माईतीघाट क्षेत्र। (IEE मा उल्लेखित क्षेत्रहरुबाट संकलन/उत्खनन शुल्क)। | रु. ७,०५,६००।- | ३,८१,०२४ क्यू. फुट | रु. २ | रु. १,०००।- | रु. ३६,०००।- |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१. उल्लेखित ठेक्काहरुको लागि प्रत्येक वडा अन्तर्गत पर्ने घाटको बोलपत्र फाराम छुट्टाछुट्टै पेश गर्नु पर्नेछ।

२. ठेक्का अवधी आ.व. २०७५/०७६ जेष्ठ मसान्त सम्म रहनेछ। बन्द हडताल, प्राकृतिक प्रकोप वा अन्य कुनै विशेष परिस्थितिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ती दाबी गर्न पाईने छैन। IEE प्रतिवेदनले निषेध गरेको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन। तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री नियमानुसार विक्री तथा निकासी गर्न सकिनेछ।

३. ठेक्का लिने फर्मले कबोल अंङ्कको थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) र (१.५ प्रतिशत) अग्रिम आयकर सम्बन्धित करदाता सेवा कार्यालयको राजश्व खातामा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ।

४. धरौटी बापतको रकम यस कार्यालयमा नगदै रसिद मार्फत वा यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक लि., कावासोतीमा रहेको धरौटी खाता नं. ३२००३०३००७१०८ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

५. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी बौदीकाली गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँबाट खरिद गरी पेश गर्न सकिनेछ।

६. बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन। कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

७. ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले २१औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी २२औं दिनको १:०० बजे अर्थात मिति २०७५/०७/१२ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ। प्राप्त बोलपत्रहरु सोही दिन दिनको ३:०० बजे बौदीकाली गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ।

८. बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।

९. कूल कबोल अंङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी मू.अ.कर र अग्रिम आयकर रकम सहितको ठेक्का अवधी सम्मका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ।

१०. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ।

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंङ्कको ५० प्रतिशतले हुन आउने रकम। |
| दोश्रो | २०७५ साल फाल्गुन मसान्त भित्र | कबोल अंङ्कको ५० प्रतिशतले हुन आउने रकम। |

११. जमानत वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१२. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। किस्ता रकम तोकिएको समयमा नबुझाएमा 'क' वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन।

१३. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

१४. बौदीकाली गाउँपालिका भित्रका नदी, नालाबाट ढुंगा, गिट्टी, बालुवा, उत्खनन तथा निकासी गर्ने क्रममा गाउँपालिका भित्रका पक्की पूल र झोलुङ्गे पुलको तल ५०० मिटर र माथि ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन तथा निकासी गर्न कानूनले पूर्णरुपमा प्रतिवन्ध लगाएको हुँदा IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा मात्र तोकिएको परिमाण उत्खनन गर्न पाईनेछ।

१५. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ।

१६. बोलपत्र पेश गर्दा पेश गर्ने व्यवसाय, फर्म वा कम्पनीको दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपी , स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ।

१७. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्वन्धमा जिल्ला स्तरीय अनुगमन समिति, बौदीकाली गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१८. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुनेछ। उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ। ठेक्कामा कुनै विवाद भएमा बौदीकाली गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।